नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

फोन ०६५ ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७८।०६।१२

## तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण, निदान र उपचारको कार्य भई रहेको छ। कोभिड-१९ को जोखिम अझै कमी नभएको अवस्थालाई ध्यानमा राखि नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७८।०६।०५ को निर्णय, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३, संक्रमक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरि यस अघि जारि गरेको निषेधाज्ञाको आदेशलाई निरन्तरता दिंदै अर्को आदेश नभए सम्म तनहुँ जिल्ला भर लागु हुने गरि देहायको आदेश बमोजिमको निषेधाज्ञा जारी गरिएको छ। यो आदेश कडाईका साथ पालना गर्नु गराउनु सबै व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ। यदि कोही कसैबाट यो आदेशको उल्लंघन भएमा स्थानीय प्रशासन ऐन, २०२८ र संक्रमक रोग ऐन, २०२० र अन्य प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

### तपसिल

(क) सर्वसाधारण सबैले मास्कको अनिवार्य प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने, समय समयमा साबुन पानीले हात धुने वा स्यानिटाईजरको प्रयोग गर्ने लगायतका स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने।

(ख) चाडपर्व मनाउँदा भिडभाड नगर्ने, सकभर घरमै मनाउने, स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरेर मात्र आवत जावत गर्ने।

(ग) अनावश्यक रुपमा मानिसहरु घर बाहिर ननिस्कने, भिडभाड नगर्ने, सभा जुलुस, महोत्सव आदि नगर्ने।

(घ) उद्योग, कलकारखाना, होटेल, रेष्टुरेण्ट, सिनेमा हल, व्यायामस्थल लगायतका स्थान सामाजिक दुरी कायम राखी स्वास्थ्यका मापदण्डको पालना हुने गरि सञ्चालन गर्ने, कामदार कर्मचारीको समय समयमा एण्टीजेन, Rapid Antigent तथा कोभिड-१९ परीक्षण गर्ने गराउने, आफ्नो व्यवसाय परिसर निसङ्क्रमित (डिसइन्फेक्ट) गर्ने।

(ङ) सार्वजनिक यातायात सञ्चालकले सिट क्षमता भन्दा बढी यात्रु नराख्ने, चालक दल र सबै यात्रुले अनिवार्य रुपमा मास्क लगाउने, सवारी साधनमा यात्रुलाई उपलब्ध हुन सक्ने गरी स्यानीटाईजरको व्यवस्था गर्ने र प्रत्येक दिन निसङ्क्रमित (डिसइन्फेक्ट) गरेर मात्र सवारी साधन चलाउने। सार्वजनिक सवारीमा स्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने दायित्व सञ्चालक एवं चालकको हुने र पालना नभएको पाइएमा सञ्चालक तथा चालकलाई कारवाही हुने।

(च) बैठक, गोष्ठी, सेमिनारहरु भर्चुअल माधयमबाट गर्ने, भौतिक उपस्थितिमा गर्नैपर्ने भएमा स्वास्थ्यका मापदण्ड अनिवार्य रुपमा पालना हुने गरी गर्ने। स्वास्थ्यका मापदण्ड पालना गराउने दायित्व सम्बन्धित आयोजकको हुने र पालना नभएको पाइएमा निजलाई कारवाही हुने।

(छ) होटेल वा पार्टी प्यालेसले कुनै बैठक, सेमिनार, गोष्ठी, भोज वा यस्तै कार्यक्रम गर्दा आगन्तुक वा सहभागीलाई स्वास्थ्यका मापदण्ड पालना गराउने, कार्यक्रमस्थलमा कोभिड-१९ को चिन्ह वा लक्षण भएका व्यक्तिको परीक्षणको व्यवस्था गर्ने, हात धुने वा स्यानिटाईजरको व्यवस्था गर्ने दायित्व सम्बन्धित होटल वा पार्टी प्यालेस सञ्चालकको हुने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

फोन ०६५ ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७८।०६।१२

(ज) विद्यालय लगायत शैक्षिक संस्थाहरुमा भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्ने सम्बन्धमा कोभिड-१९ जोखिमको विश्लेषण गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बनाउने मापदण्डको आधारमा सञ्चालन गर्ने गराउने।

(झ) शैक्षिक संस्था वा अन्य कुनै संस्थाले भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्नु परेमा स्थानीय प्रशासन र स्थानीय तहको समन्वयमा परीक्षा सञ्चालन हुने कोठा हरेक दिन निसङ्क्रमित (डिस्इन्फेक्ट) गर्ने, एउटा कोठामा २५ जना भन्दा बढी नहुने, सामाजिक दुरी कायम हुने र स्वास्थ्यका मापदण्ड पालना हुने कुरा सुनिश्चित गरेर मात्र परीक्षा सञ्चालन गर्ने।

(ञ) सार्वजनिक सेवा प्रवाह गर्दा वा बैंक वित्तिय संस्था लगायतले सेवा प्रवाह गर्दा सामाजिक दुरी कायम हुने र स्वास्थ्यका मापदण्डको पालना हुने गरी सेवा प्रवाह गर्ने र यथासम्भव अनलाईन माध्यमबाट सेवा प्रदान गर्ने।

(ट) होटेल, पार्टी प्यालेस वा धेरै मानिसहरुको सहभागिता हुने स्थानका सञ्चालकले यथासम्भव समय समयमा आफ्ना कर्मचारी तथा सहभागीहरुको एण्टीजेन, Rapid Antigent वा सेल्फ टेष्टिङ्ग एण्टीजेन परीक्षण गर्ने।

(ठ) कोभिड-१९ को लक्षण देखिएका तथा संक्रमितको सम्पर्क (Contract Tracing) परेका व्यक्तिहरुको नि:शुल्क एन्टिजेन्ट तथा पिसिआर परिक्षणको व्यवस्था स्थानीय तह/अस्पातालले मिलाउने।

(ड) संक्रमणमा घट/बढ भएमा प्र.जि.अ. ले जुनसुकै बेला आदेशमा पुनरावलोकन गरि तत्काल आदेश जारि गर्ने।

०७८।६।१२

(विश्व प्रकाश अर्याल)
प्रमुख जिल्ला अधिकारी